# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०२।१३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिदमा गैरकानुनी लाभ वा हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दामा भएको बेरीतको आदेश बदर गरी प्रतिवादीहरूलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन सम्मानित सर्वोच्च अदालतमा निवेदन गरिएको।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिदमा प्रतिवादीहरू संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन मन्त्री एवं नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष रामकुमार श्रेष्ठसमेतका प्रतिवादीहरूले आफूलाई गैरकानुनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई ७,४३,४३,४५०.०० अमेरिकी डलर (सात करोड त्रिचालीस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात नेपाली रू.८,३६,७३,५५,२९७।५० (आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रूपैयाँ पचास पैसा) गैरकानुनी हानि पुऱ्याउने बद्नियतले स्वीकृत लागत अनुमान १६,९६,९७,०००.०० अमेरिकी डलर भन्दा अस्वभाविक रूपमा लागत अनुमान ७,४३,४३,४५०.०० अमेरिकी डलर बढाई, संशोधन गरी गराई २४,४०,४०,४५०.०० अमेरिकी डलर बनाई काम गरे गराएको, सोही बढी दायित्व बहन गर्नुपर्ने गरी खरिद कार्यको सम्झौता गरी गराई सोही आधारमा अस्वभाविक रूपमा बढी मूल्य तिरी खरिद गरी गराई सोही बमोजिम भुक्तानी भएको देखिएकोमा प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ञ) विपरीतको कसूर भएको हुँदा निज प्रतिवादीहरूलाई बिगो ७,४३,४३,४५०.०० अमेरिकी डलर (अक्षेरपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात नेपाली रकम रू.८,३६,७३,५५,२९७।५० (आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रूपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिइ विशेष अदालतमा मिति २०८२/०८/२१ मा **आरोपपत्र (मुद्दा नं.०८२-CR-००४८)** दायर गरिएकोमा विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरू मध्येका प्रतिवादी राममाया वोगटीलाई मिति २०८२।१२।१८ गते, प्रतिवादी मनरुप शाहीलाई मिति २०८२/१२/१९ गते, प्रतिवादीहरु विनोदानन्द चौधरी, पुरुपोत्तम डंगोल र रामकृष्ण तिमल्सेनालाई मिति २०८२/१२/३० गते, सन्तोष कुमार श्रेष्ठ, सूर्य ज्ञवाली र रविन्द्र नाथ श्रेष्ठलाई मिति २०८३।०१।०९ गते, यमुनादेवी श्रेष्ठलाई मिति २०८३।०१।२२ गते र ज्योती अधिकारीलाई मिति २०८३।०१।२४ गते साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नेगरी तथा प्रतिवादी रामकुमार श्रेष्ठलाई मिति २०८२।१२।१९ गते रू. ५,००,०००।— र प्रतिवादी मनोज कार्कीलाई मिति २०८२/१२/२२ गते रू. २,५०,०००।- धरौटी लिई मुद्दाको पुर्पक्ष गर्नेगरी थुनछेक आदेश भएकोमा उक्त आदेशहरू बेरीतको देखिंदा प्रतिवादीहरूलाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन सम्मानित सर्वोच्च अदालत समक्ष मिति २०८३/०२/१३ मा निवेदनपत्र दर्ता गरिएको छ ।

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी